बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०७९।०८० च.नं. राजश्व शाखा/ ...१२८.... मिति: २०७९।०८।१४

## जलस्रोत उपयोग तथा ब्यवस्थापन समिति, बेसीशहर नगरपालिका, लमजुङको ३५ (पैंतिस) दिने सार्बजनिक सूचना

सूचना प्रकाशन भएको मितिः २०७९।०८।१४

जलस्रोत उपयोग तथा ब्यवस्थापन समिति, बेसीशहर नगरपालिका, लमजुङमा तपसिलमा उल्लेखित ब्यहोरा बमोजिम जल उपभोक्ता समिति मार्फत मुल दर्ता गरी उपयोग गर्ने प्रकृयाको लागि निवेदन पर्न आएकोले बेसीशहर नगरपालिकाको जलश्रोतको उपयोग तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ बमोजिम जल उपयोगका लागि अनुमति प्रदान गर्दा कुनै उल्लेखनीय प्रतिकुल असर पर्ने भएमा वा कसैको हक हनन् हुने भएमा आफूसँग भएको प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ ( पैंतिस) दिन भित्र यस कार्यलय वा सम्बन्धित वडा कार्यालयमा लिखित जानकारी गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्बजनिक सूचना प्रकाशन गरिएको छ । अन्यथा, नियमानुसार भई जाने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

| क्र. सं. | उपभोक्ता समितिको नाम | वडा नं. | टोल | अध्यक्षको नाम | जलश्रोतको नाम र रहेको स्थान | लाभान्वित जनसंख्या/ घरधुरी | हालको अवस्थाको |
|---|---|---|---|---|---|---|---|
| १ | खाँचे खानेपानी तथा सरसफाई उपभोक्ता समिति | १० | खाँचे | श्री प्रेम बहादुर तमाङ | गाइखर्क मुल र दमदमे पातल मुल, बेसीशहर १०, खाँचे | २०० जना ८५घरधुरी) | अस्थायी रुपले प्रयोग भएको |
| २ | थामखोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति | २ | गैरीगाउँ | श्री वीर बहादुर गुरुङ | थाम खोला, बेसीशहर २, गैरीगाउँ | १५० जना २९ घरधुरी | विगत ११ वर्षदेखि अस्थायी रुपले प्रयोग हुदै आएको |

..............................................
इमनाथ कडेल
प्रमुख प्रशासकीय अधिकृत